आदरणीय आमाबुवा/अभिभावक ज्यूहरू,

विद्यालय स्थलगत भ्रमण भनेको विद्यार्थीहरूका लागि विद्यालयभन्दा बाहिर सिकाइको क्रियाकलापमा सहभागी हुने अवसर हो । विद्यालयका सबै स्थलगत भ्रमणहरू विद्यालय प्रशासकहरूद्वारा स्वीकृत हुन्छन् ।

**महत्त्वपूर्ण जानकारी:**

- **सहभागीहरू**: विद्यालय कर्मचारीहरू र सम्पूर्ण कक्षा/ग्रेड तह सहभागी हुन्छन् ।
- **यातायात**: सामान्य विद्यालय दिनका लागि नियमित यातायात अझै पनि उपलब्ध गराइन्छ । नियमित विद्यालय समयमा विद्यालयद्वारा स्थल भ्रमणका लागि यातायात उपलब्ध गराइन्छ ।
- **खाना**: ब्रेकफास्ट उपलब्ध हुनेछ र अनुरोध गरिएमा लन्च उपलब्ध गराइनेछ । विद्यार्थीहरूले सबै सामग्री प्रयोग गरिसकेपछि फ्याँक्न मिल्ने भएसम्म आफ्नो लन्च आफै ल्याउन सक्छन् ।
- **औषधि**: विद्यालय नर्समार्फत नियमित औषधिहरू उपलब्ध गराइनेछन् ।
- **शैपरन**: आमाबुवा/अभिभावकहरूलाई शैपरन (संरक्षक) का रूपमा सहभागी हुन आमन्त्रित गर्न सकिन्छ तर हेरविचार गर्नैपर्छ भनेर आवश्यक हुँदैन ।
- **पैसा**: भ्रमणका लागि पैसा लाग्नेछ जसले भ्रमणका सबै खर्चहरूलाई समेट्नेछ । विद्यार्थीहरूले एक दिनको भ्रमणका लागि थप पैसा बोक्न आवश्यक पर्दैन । कुनै पनि चिन्ता भएमा वा आर्थिक सहायता आवश्यक पर्ने स्थिति भएमा शिक्षकलाई सम्पर्क गर्नुहोस् ।
    - भ्रमणको शुल्क: $____________
- **हस्ताक्षर**: तपाईंले आफ्नो बच्चालाई भ्रमणमा सहभागी हुन अनुमति दिनुहुन्छ भनेर देखाउनका लागि तपाईंको हस्ताक्षर आवश्यक पर्छ ।

कृपया स्थलगत भ्रमणसँग सम्बन्धित कुनै पनि प्रश्न वा धार्मिक/ सांस्कृतिक चिन्ताहरूका बारेमा शिक्षकलाई सम्पर्क गर्न नहिचकिचाउनुहोस् । आफ्नो बच्चाका लागि यो शैक्षिक अवसरको लाभ उठाउनुहुनेछ भन्ने आशा गर्दछौँ !